आज मिति २०८२ साल माघ ४ गते आइतवार नेपाल सम्वत ११४६ पोहेलागा औंसी तिथि दिउँसो १:०० बजे ललितपुर महानगरपालिकाको **Block- B** भवनको सभाहलमा ललितपुर महानगरपालिकाको आठौं* (हिउँदे) नगरसभाको बैठक ललितपुर महानगरपालिकाका प्रमुख श्री चिरीबाबु महर्जनज्यूको अध्यक्षतामा तपसिल बमोजिमका नगरसभा सदस्यको उपस्थितीमा बस्यो ।

उपस्थिती

| पद | नाम थर | दस्तखत |
| --- | --- | --- |
| प्रमुख एवं नगर सभा अध्यक्ष | श्री चिरीबाबु महर्जन | |
| उप प्रमुख | श्री मञ्जली शाक्य बज्राचार्य | |
| नगरसभा सदस्य | श्री निर्मल तण्डुकार | |
| नगरसभा सदस्य | श्री अञ्जना कार्की | |
| नगरसभा सदस्य | श्री कृष्ण महर्जन | |
| नगरसभा सदस्य | श्री हरिहर तण्डुकार | |
| नगरसभा सदस्य | श्री राजेश कुमार महर्जन | |
| नगरसभा सदस्य | श्री अलिश्मा डंगोल | |
| नगरसभा सदस्य | श्री सजिता नेपाली परियार | |
| नगरसभा सदस्य | श्री पूर्ण महर्जन | |
| नगरसभा सदस्य | श्री अनिता पाण्डे विष्ट | |
| नगरसभा सदस्य | श्री श्रीगोपाल महर्जन | |
| नगरसभा सदस्य | श्री मिलन महर्जन | |
| नगरसभा सदस्य | श्री रञ्जु तोलाङ्गी | |
| नगरसभा सदस्य | श्री रुपेश थापा | |
| नगरसभा सदस्य | श्री गणेश कुमार रजक | |

| | |
|---|---|
| नगरसभा सदस्य | श्री सन्तोष खड्का |
| नगरसभा सदस्य | श्री श्रद्धा थापा मगर |
| नगरसभा सदस्य | श्री मुना मग्राती |
| नगरसभा सदस्य | श्री सुनिल कुमार राना |
| नगरसभा सदस्य | श्री कृष्णहरी थापा |
| नगरसभा सदस्य | श्री बिकासमान श्रेष्ठ |
| नगरसभा सदस्य | श्री शोभादेवी प्रधान श्रेष्ठ |
| नगरसभा सदस्य | श्री मञ्जु रिजाल |
| नगरसभा सदस्य | श्री पुनम निरौला |
| नगरसभा सदस्य | श्री अशोक कुमार श्रेष्ठ |
| नगरसभा सदस्य | श्री रुपेन्द्रराज शाक्य |
| नगरसभा सदस्य | श्री उमा वज्राचार्य |
| नगरसभा सदस्य | श्री सुमन महर्जन |
| नगरसभा सदस्य | श्री सुनिल शाक्य |
| नगरसभा सदस्य | श्री कुल बहादुर महर्जन |
| नगरसभा सदस्य | श्री शान्ति महर्जन |
| नगरसभा सदस्य | श्री देवेन्द्र महर्जन |
| नगरसभा सदस्य | श्री देवेन्द्र शाक्य |
| नगरसभा सदस्य | श्री बाबुरत्न महर्जन |
| नगरसभा सदस्य | श्री लक्ष्मी महर्जन |
| नगरसभा सदस्य | श्री बिमला महर्जन |
| नगरसभा सदस्य | श्री पुनाल महर्जन |

| | |
|---|---|
| नगरसभा सदस्य | श्री राजु महर्जन |
| नगरसभा सदस्य | श्री सानु अवाले महर्जन |
| नगरसभा सदस्य | श्री सृजना भुजेल |
| नगरसभा सदस्य | श्री अमिर महर्जन |
| नगरसभा सदस्य | श्री हेराकाजी व्यञ्जनकार |
| | |
| नगरसभा सदस्य | श्री रबिनमान व्यञ्जनकार |
| नगरसभा सदस्य | श्री लक्ष्मी शर्मा दाहाल |
| नगरसभा सदस्य | श्री तुलसी परियार |
| नगरसभा सदस्य | श्री अरविन्द सिंह |
| नगरसभा सदस्य | श्री बाबुराजा महर्जन |
| | |
| नगरसभा सदस्य | श्री अरोज कुमार खड्गी |
| नगरसभा सदस्य | श्री सचिना परियार |
| नगरसभा सदस्य | श्री कृष्ण महर्जन |
| नगरसभा सदस्य | श्री जुंवन तण्डुकार |
| | |
| नगरसभा सदस्य | श्री नारायणलाल अवाले |
| नगरसभा सदस्य | श्री सरिता अवाले |
| नगरसभा सदस्य | श्री सानु अवाले |
| नगरसभा सदस्य | श्री जिवन गोबिन्द वैद्य |

| | |
|---|---|
| नगरसभा सदस्य | श्री गणेश के.सी. |
| नगरसभा सदस्य | श्री सरस्वती जोशी थापा |
| नगरसभा सदस्य | श्री पुनम मग्राती |
| नगरसभा सदस्य | श्री रवि बोगटी |
| नगरसभा सदस्य | श्री अमृतजंग महत |
| नगरसभा सदस्य | श्री सहनसिला कार्की |
| नगरसभा सदस्य | श्री संगीता आछामी |
| नगरसभा सदस्य | श्री कुवेर के.सी. |
| नगरसभा सदस्य | श्री सनत कार्की |
| नगरसभा सदस्य | श्री सानुकाजी तोलाङ्गे |
| नगरसभा सदस्य | श्री सुरेश शाही |
| नगरसभा सदस्य | श्री शशिकला सुवेदी |
| नगरसभा सदस्य | श्री निशा परियार |
| नगरसभा सदस्य | श्री बैकुण्ठ राउत |
| नगरसभा सदस्य | श्री अनुप घिमिरे |
| नगरसभा सदस्य | श्री निर्मलरत्न शाक्य |
| नगरसभा सदस्य | श्री बबिता श्रेष्ठ |
| नगरसभा सदस्य | श्री पञ्चवज्र वज्राचार्य |
| नगरसभा सदस्य | श्री मदनै महर्जन |

| | |
|---|---|
| नगरसभा सदस्य | श्री बिनोद महर्जन |
| नगरसभा सदस्य | श्री सुलोचना महर्जन |
| नगरसभा सदस्य | श्री गोपाल महर्जन |
| नगरसभा सदस्य | श्री महेन्द्र श्रेष्ठ |
| नगरसभा सदस्य | श्री दामोदर खड्का |
| नगरसभा सदस्य | श्री रुकुमणी महर्जन |
| नगरसभा सदस्य | श्री राधिका रोक्का |
| नगरसभा सदस्य | श्री गोपाल डंगोल |
| नगरसभा सदस्य | श्री निरोज कुंवर |
| नगरसभा सदस्य | श्री राजेन्द्र महर्जन |
| नगरसभा सदस्य | श्री निर्मला खड्गी |
| नगरसभा सदस्य | श्री अञ्जली नेपाली |
| नगरसभा सदस्य | श्री प्रविण श्रेष्ठ |
| नगरसभा सदस्य | श्री वीरेन्द्र ताम्रकार |
| नगरसभा सदस्य | श्री चन्द्रलाल महर्जन |
| नगरसभा सदस्य | श्री गिता महर्जन |
| नगरसभा सदस्य | श्री मंगलादेवी नेपाली |
| नगरसभा सदस्य | श्री अमर डंगोल महर्जन |
| नगरसभा सदस्य | श्री शैलेन्द्र शाक्य |

| | |
|---|---|
| नगरसभा सदस्य | श्री रबिन्द्र महर्जन |
| नगरसभा सदस्य | श्री हेलेन शोभा महर्जन |
| नगरसभा सदस्य | श्री शालिकराम महर्जन |
| नगरसभा सदस्य | श्री प्रदिप डंगोल |
| नगरसभा सदस्य | श्री सागर तुलाधर |
| नगरसभा सदस्य | श्री सुकुमाया लामा |
| नगरसभा सदस्य | श्री जुनु मिजार |
| नगरसभा सदस्य | श्री रत्नभक्त महर्जन |
| नगरसभा सदस्य | श्री उमेश स्यापीत |
| नगरसभा सदस्य | श्री जिवन महर्जन |
| नगरसभा सदस्य | श्री मधु श्रेष्ठ |
| नगरसभा सदस्य | श्री सानुमाया बि.क. |
| नगरसभा सदस्य | श्री किरण खड्का |
| नगरसभा सदस्य | श्री राजन मल्ल ठकुरी |
| नगरसभा सदस्य | श्री दिनेशजङ्ग पाण्डे |
| नगरसभा सदस्य | श्री इन्द्र श्रीस |
| नगरसभा सदस्य | श्री निशा मालवुल |
| नगरसभा सदस्य | श्री हरिकृष्ण महर्जन |
| नगरसभा सदस्य | श्री उद्धव बस्नेत |
| नगरसभा सदस्य | श्री रामशरण पहेली |

| | |
|---|---|
| नगरसभा सदस्य | श्री दौलत कुमार खत्री |
| नगरसभा सदस्य | श्री सपना रसकोटी |
| नगरसभा सदस्य | श्री अन्जु पहेली |
| नगरसभा सदस्य | श्री मनश्याम ठकुरी |
| नगरसभा सदस्य | श्री रामबाबु महर्जन |
| नगरसभा सदस्य | श्री बिकास कुमार रोक्का |
| नगरसभा सदस्य | श्री सुरेश महर्जन |
| नगरसभा सदस्य | श्री सरस्वती महर्जन |
| नगरसभा सदस्य | श्री सुरेश महर्जन |
| नगरसभा सदस्य | श्री रगुन महर्जन |
| नगरसभा सदस्य | श्री कृष्णहरी महर्जन |
| नगरसभा सदस्य | श्री रामदेवी महर्जन |
| नगरसभा सदस्य | श्री निरोज महर्जन |
| नगरसभा सदस्य | श्री श्यामकृष्ण महर्जन |
| नगरसभा सदस्य | श्री बिरेन्द्र महर्जन |
| नगरसभा सदस्य | श्री शरण लक्ष्मी महर्जन |
| नगरसभा सदस्य | श्री लक्ष्मी नेपाली |
| नगरसभा सदस्य | श्री जिवन महर्जन |
| नगरसभा सदस्य | श्री सिद्धिराम महर्जन |

| | |
|---|---|
| नगरसभा सदस्य | श्री गणेश कुमार महर्जन |
| नगरसभा सदस्य | श्री मनमाया महर्जन |
| नगरसभा सदस्य | श्री बिनिता बि.क. |
| नगरसभा सदस्य | श्री मधुवन महर्जन |
| नगरसभा सदस्य | श्री वीर गोविन्द महर्जन |
| नगरसभा सचिव (प्रमुख प्रशासकीय अधिकृत) | श्री रेखा दास श्रेष्ठ |

कार्यसूची :

१, आ.ब. २०८१/८२ को बार्षिक समिक्षा तथा चालु आ.ब. २०८२/८३ को अर्धबार्षिक समिक्षा

२, रकमान्तर ।

३, विविध ।

निर्णय नं.१,

स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा १९ बमोजिम आव्हान गरिएको ललितपुर महानगरपालिकाको आठौं नगरसभाको बैठक आज २०८२ माघ ४ गते आइतवार दिउँसो १ बजे नगर प्रमुख श्री चिरीबाबु महर्जनको अध्यक्षतामा ललितपुर महानगरपालिकाको **Block- B** भवनको सभाहलमा शुभारम्भ भयो ।

ललितपुर महानगरपालिकाका उप-प्रमुख श्री मञ्जली शाक्य बज्राचार्यको स्वागत मन्तव्य पश्चात ललितपुर महानगरपालिकाका प्रमुख एवं नगरसभा अध्यक्ष श्री चिरीबाबु महर्जनवाट दीप प्रज्वलन गरी नगरसभाको उद्घाटन गर्नु भयो ।

नेपाल सङ्घीय लोकतान्त्रीक गणतन्त्र सम्म आइपुग्दा आफनो जिवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात सहिदहरु प्रति एक मिनेट मौनधारण गरी हार्दिक श्रद्धासुमन व्यक्त भयो ।

सभाका सचिव श्री रेखा दास श्रेष्ठद्धारा नगरसभा सञ्चालन (कार्यविधि) सम्बन्धी ऐन २०७५ को दफा १२ बमोजिम बैठकमा पालना गर्नुपर्ने आचारसंहिताको बारेमा जानकारी गराउनु भयो ।

सभाध्यक्षले आठौं नगरसभाको बैठकको कार्यसूची आ.ब. २०८१/०८२ को बार्षिक तथा चालु आ.ब.२०८२/०८३ को अर्धबार्षिक समिक्षाका लागि विषयगत समिति तथा नगरसभावाट गठित समितिका तपसिलका संयोजकहरुलाई समिक्षात्मक प्रस्तुतीका लागि निर्देशन भए पश्चात क्रमश समिक्षात्मक प्रस्तुती भयो ।

- श्री राजु महर्जन, संयोजक, सामाजिक विकास समिति
- श्री रविन्द्र महर्जन, संयोजक, आर्थिक विकास समिति
- श्री चन्द्र लाल महर्जन, संयोजक, पूर्वाधार विकास समिति
- श्री सानु महर्जन अवाले, सदस्य, वातावरण तथा विपद् व्यवस्थापन समिति
- श्रीगोपाल महर्जन, संयोजक, सुशासन तथा संस्थागत विकास समिति
- श्री विकासमान श्रेष्ठ, संयोजक, उद्योग, पर्यटन तथा संस्कृति संरक्षण समिति
- श्री सन्तोष खड्का, सदस्य , शहरी योजना व्यवस्थापन समिति
- श्री अमिर महर्जन, संयोजक, विधायन समिति
- श्री अनुप घिमिरे, सदस्य, लेखा समिति

निर्णय नं.२,

सभाध्यक्षवाट बैठकको कार्यसूचि अनुसार चालु आर्थिक वर्ष २०८२/०८३ को योजना तथा कार्यक्रमहरु मध्ये वडास्तरीय योजना तथा कार्यक्रमहरु, विषयगत समिति तर्फका योजना तथा कार्यक्रमहरु, नगरस्तरीय योजना तथा कार्यक्रमहरु समेत देहायका योजना तथा कार्यक्रमहरु संन्चालन हुन नसकेको, विनियोजित वजेट अपुग भएको र नयाँ योजना तथा कार्यक्रमहरु सन्चालन नगरि नहुने भई महानगरपालिकावाट पारित विनियोजन ऐन, २०८२ को दफा ४ को उपदफा ३ मा उपदफा २ मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शिर्षकवाट सो शिर्षकको जम्मा विनियोजित रकमको २५ प्रतिशत भन्दा वढ्ने गरी कुनै एक वा एक भन्दा वढी शीर्षकहरुमा कार्यक्रम संशोधन, रकमान्तर/स्रोतान्तर गर्नु परेमा नगरसभाको स्वीकृति लिनुपर्नेछ भन्ने व्यवस्था रहे बमोजिम योजना तथा कार्यक्रमहरु संसोधन/रकमान्तर/स्थानान्तरका लागि प्रस्ताव टेवल गर्नु हुंदा सभासदहरुले तालि बजाएर समर्थन जनाउनु भयो । सभाध्यक्षले तपसिल बमोजिमका योजना तथा कार्यक्रमहरु संसोधन/रकमान्तर/स्थानान्तर प्रस्ताव पारित भएको घोषणा गर्नुभयो ।

व्यय अनुमानको सारांश अन्तर्गतका योजनाहरु

| सि.नं. | वडा | योजना तथा कार्यक्रम | विनियोजित बजेट (रु.हजारमा) | संसोधित योजना/कार्यक्रम | संसोधित (थपघट) बजेट (रु.हजारमा) | संसोधन हुनुको कारण | समितिको निर्णय | संशोधन/रकमान्तर/स्थानान्तरण | बजेट शिर्षक | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | जुद्ध वारुण यन्त्रको स्तरोन्नति तथा आगलागी नियन्त्रणका लागि वैकल्पिक उपकरण व्यवस्थापन | 5,000.00 | दमकल दुई थान, हाई प्रेसर ब्रेथिङ एयर कम्प्रेसर मेशिन एक थान र पन्ध्र टनको क्रेन एक थान खरिद | 105,500.00 | दमकल खरिद आवश्यक देखिएकोले बजेट थप गरिएको | | रकमान्तर | व्यय तर्फ सि.न.३४ | सि.नं. २ देखि १६ सम्मको रु १० करोड ५ लाख रकम थप गरिएको |
| २ | | अभिलेखीकरण व्यवस्थापन | 5,000.00 | अभिलेखीकरण व्यवस्थापन | 2,500.00 | हालसम्म खर्च नभएको र खर्च हुने सुनिस्चित नभएकोले घटाइएको | | रकमान्तर | व्यय तर्फ सि.न.6 | रु.२५ लाख सि.नं १ को लागि रकमान्तर |
| ३ | | चिस्यान सहितको तरकारी बजार निर्माण | 5,000 | चिस्यान सहितको तरकारी बजार निर्माण | 1,000.00 | हालसम्म खर्च नभएको र खर्च हुने सुनिस्चित नभएकोले घटाइएको | | रकमान्तर | व्यय तर्फ सि.न.14 | रु.४० लाख सि.नं १ को लागि रकमान्तर |
| ४ | | अस्थायी ट्रान्सफर स्टेशन (आधुनिकिकरण तथा क्षमता विकास) | 10,000 | अस्थायी ट्रान्सफर स्टेशन (आधुनिकिकरण तथा क्षमता विकास) | 1,000.00 | हालसम्म खर्च नभएको र खर्च हुने सुनिस्चित नभएकोले घटाइएको | | रकमान्तर | व्यय तर्फ सि.न.15 | रु.९० लाख सि.नं १ को लागि रकमान्तर |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | | फोहरमैला व्यवस्थापनका लागि Incinerator Plant लगायतका प्रविधि जडान | 20,000 | फोहरमैला व्यवस्थापनका लागि Incinerator Plant लगायतका प्रविधि जडान | 1,000.00 | हालसम्म खर्च नभएको र खर्च हुने सुनिस्चित नभएकोले घटाइएको | | रकमान्तर | व्यय तर्फ सि.न.16 | रु.१ करोड ९० लाख सि.नं १ को लागि रकमान्तर |
| ६ | | सार्वजनिक जग्गा संरक्षण (लगत सङ्कलन, सीमाङ्कन) | 10,000.00 | सार्वजनिक जग्गा संरक्षण (लगत सङ्कलन, सीमाङ्कन) | 5,000.00 | हालसम्म खर्च नभएको र खर्च हुने सुनिस्चित नभएकोले घटाइएको | | रकमान्तर | व्यय तर्फ सि.न.18 | रु. ५० लाख सि.नं १ को लागि रकमान्तर |
| ७ | | सम्पदा मार्गमा निर्मित निजी संरचनाको फसाद पुनर्निर्माण (कार्यविधि बमोजिम हुने) | 5,500.00 | सम्पदा मार्गमा निर्मित निजी संरचनाको फसाद पुनर्निर्माण (कार्यविधि बमोजिम हुने) | 500.00 | हालसम्म खर्च नभएको र खर्च हुने सुनिस्चित नभएकोले घटाइएको | | रकमान्तर | व्यय तर्फ सि.न.25 | रु. ५० लाख सि.नं १ को लागि रकमान्तर |
| ८ | | Research and Development | 5,000.00 | Research and Development | 2,500.00 | हालसम्म खर्च नभएको र खर्च हुने सुनिस्चित नभएकोले घटाइएको | | रकमान्तर | व्यय तर्फ सि.न.26 | रु. २५ लाख सि.नं १ को लागि रकमान्तर |
| ९ | | DRR Sub Center सञ्चालन तथा व्यवस्थापन | 30,000.00 | DRR Sub Center सञ्चालन तथा व्यवस्थापन | 5,000.00 | हालसम्म खर्च नभएको र खर्च हुने सुनिस्चित नभएकोले घटाइएको | | रकमान्तर | व्यय तर्फ सि.न.29 | रु. २ करोड ५० लाख सि.नं १ को लागि रकमान्तर |
| १० | | पुँजी निर्माण (फोहोर, दमकल, सवारीसाधन, मेशनरी तथा फर्निचर समेत) | 40,000.00 | पुँजी निर्माण (फोहोर, दमकल, सवारीसाधन, मेशनरी तथा फर्निचर समेत) | 34,000.00 | हालसम्म खर्च नभएको र खर्च हुने सुनिस्चित नभएकोले घटाइएको | | | व्यय तर्फ सि.न.33 | रु. ६० लाख सि.नं १ को लागि रकमान्तर |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | | सम्पदा पुर्ननिर्माण तथा व्यवस्थापन (पाटन दरवार क्षेत्रस्थित १९९० सालको भूकम्पबाट क्षति भएको श्री भस्मेश्वर महादेव मन्दिर र श्री उमामहेश्वर मन्दिर पुनर्निर्माण शुभारम्भ | 2,500.00 | सम्पदा पुर्ननिर्माण तथा व्यवस्थापन (पाटन दरवार क्षेत्रस्थित १९९० सालको भूकम्पबाट क्षति भएको श्री भस्मेश्वर महादेव मन्दिर र श्री उमामहेश्वर मन्दिर पुनर्निर्माण शुभारम्भ | 500.00 | हालसम्म खर्च नभएको र खर्च हुने सुनिश्चित नभएकोले घटाइएको | | रकमान्तर | नगरस्तरीय सि.नं.९ | रु. २० लाख सि.नं १ को लागि रकमान्तर |
| १२ | | सडक/सम्पदा निर्माणको लागि परामर्शदाताको व्यवस्था (Knowledge/Technology Transfer समेतको लागि) | 5,000.00 | सडक/सम्पदा निर्माणको लागि परामर्शदाताको व्यवस्था (Knowledge/Technology Transfer समेतको लागि) | 2,500.00 | हालसम्म खर्च नभएको र खर्च हुने सुनिश्चित नभएकोले घटाइएको | | रकमान्तर | नगरस्तरीय सि.नं.१८ | रु. २५ लाख सि.नं १ को लागि रकमान्तर |
| १३ | | महानगरपालिकामा स्थायी रुपले बसोवास गर्ने ६८ वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकहरुलाई निमोनिया र डेङ्गी रोग विरुद्धको खोपको व्यवस्था | 5,000.00 | महानगरपालिकामा स्थायी रुपले बसोवास गर्ने ६८ वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकहरुलाई निमोनिया र डेङ्गी रोग विरुद्धको खोपको व्यवस्था | 1,000.00 | हालसम्म खर्च नभएको र खर्च हुने सुनिश्चित नभएकोले घटाइएको | | रकमान्तर | नगरस्तरीय सि.नं.२९ | रु. ४० लाख सि.नं १ को लागि रकमान्तर |
| १४ | | क्रिकेट मैदान निर्माण (Pulchowk Engineering College) | 5,000.00 | क्रिकेट मैदान निर्माण (Pulchowk Engineering College) | 500.00 | हालसम्म खर्च नभएको र खर्च हुने सुनिश्चित नभएकोले घटाइएको | | रकमान्तर | नगरस्तरीय सि.नं.३६ | रु. ४५ लाख सि.नं १ को लागि रकमान्तर |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १५ | | नीति सम्बोधन | 5,000.00 | नीति सम्बोधन | 2,500.00 | हालसम्म खर्च नभएको र खर्च हुने सुनिस्चित नभएकोले घटाइएको | | रकमान्तर | नगरस्तरीय सि.न.३८ | रु. २५ लाख सि.नं १ को लागि रकमान्तर |
| १६ | | आनन्द निकेतन भवनको पश्चिम-दक्षिणतर्फ रहेको विन्टर पेभिलिअनको (Winter Pavillion) मर्मत/पुनर्निर्माण तथा जिर्णोद्वार, पुल्चोक क्याम्पस | 7,500.00 | आनन्द निकेतन भवनको पश्चिम-दक्षिणतर्फ रहेको विन्टर पेभिलिअनको (Winter Pavillion) मर्मत/पुनर्निर्माण तथा जिर्णोद्वार, पुल्चोक क्याम्पस | 500.00 | हालसम्म खर्च नभएको र खर्च हुने सुनिस्चित नभएकोले घटाइएको | | रकमान्तर | नगरस्तरीय सि.न.४९ | रु. ७० लाख सि.नं १ को लागि रकमान्तर |
| | | | 165,500.00 | | 165,500.00 | | | | | |
| नगरस्तरिय / विषयगत समिति अन्तर्गतका आयोजनाहरु | | | | | | | | | | |
| १) पूर्वाधार विकास समिति | | | | | | | | | | |
| १ | १५ | दिपावली मार्ग प्रेम ढुंगेल निवास जाने बाटोमा ब्लकछाप्ने/नायखेल चौरमा बार, व्यायाम गर्ने सामान र छट हाल्ने | 1,000.00 | यखेल चौरमा बार, व्यायाम गर्ने सामान, छट र ढल हाल्ने | 1,000.00 | ढल नभएकोले राख्नु पर्ने भएकोले | 082/8/16 | संशोधन | सडक | |
| २ | १८ | भन्ज्याङ्ग हुँदै वडा नं. २१ सिमाना सम्म बाटो ढलान | 2,500.00 | वालकुमारी वन क्षेत्रको बाटोमा ढुङ्गा छाप्ने | 2,500.00 | संघीय सरकारबाट योजना परेकोले | 082/9/18 | स्थानान्तरण | सडक | |
| ३ | १३ | अन्तर्राष्ट्रिय बौद्ध ध्यान केन्द्रमा इट्टा बिछ्याउने | 1,500.00 | अन्तर्राष्ट्रिय बौद्ध ध्यान केन्द्रमा भर्याङमा मार्वल बिच्छ्याई रेलिङ राख्ने | 1,500.00 | मंगल मार्ग अन्तराष्ट्रिय बौद्ध ध्यान केन्द्रको निवेदन | 082/8/22 | संशोधन | सम्पदा | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | | सडक मर्मत तथा प्याचिङ्ग | 25,000.00 | सडक मर्मत तथा प्याचिङ्ग | २९५,00.00 | कालो पत्रे सडकको लागि वडाबाट माग धेरै आएको asphalt प्लान्ट हाललाई संचालन गर्न समय लाग्ने | | रकमान्तर | | सिनं ५ वाट ४५ लाख थप |
| ५ | | सडक कालोपत्रका लागि Asphalt/Premix सम्बन्धी व्यवस्थापन | 5,000.00 | सडक कालोपत्रका लागि Asphalt/Premix सम्बन्धी व्यवस्थापन | 500.00 | | | रकमान्तर | नगरस्तरीय सि.न.५३ | यसवाट रु ४५ लाख सडक मर्मत तथा प्यिचङ्ग माथी सिनं ४ मा रकमान्तर |
| | २२ | चुनिखेल डाडाँगाउँ पाटी पुनर्निर्माण | 2,500.00 | चुनिखेल डाडाँगाउँ पहिरो नियन्त्रण | 2,500.00 | वर्षाको कारण पाटी भन्दा पहिरा नियन्त्रण पहिला गर्नुपर्ने भएको | 082/9/4 | रकमान्तर/ शिर्षाकान्तर | सम्पदा | वडा समितिको निर्णय |
| ६ | ४ | बागडोल ढल निर्माण | 2,000.00 | श्री रातो मछिन्द्रनाथ संग्राहलय भवन योजना क्रमागत | 2,000.00 | काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड ढल महाशाखावाट कार्यान्वयन हुने भएकोले | 082/9/30 | संशोधन | ढल | वडा समितिको निर्णय |
| ७ | ३ | ढुङ्गा खानीमा ढल निर्माण | 1,000.00 | दमकल चक्रपथ मार्गमा फुटपाथ निर्माण | 1,000.00 | | 082/9/25 | रकमान्तर | ढल | वडा समितिको निर्णय |
| ८ | २४ | गणेश मन्दिर पुनर्निर्माण | 2,000.00 | गणेश मन्दिर वाल निर्माण | 2,000.00 | | 082/9/6 | रकमान्तर | सम्पदा | वडा समितिको निर्णय |
| ९ | १३ | जोरखम्वा देखि नख्खु वजार सम्मको ढलको गुणस्तर उन्नती गरी पाईप विच्छाउने | 3,000.00 | विभिन्न स्थानमा ब्लक विछ्याउने | 3,000.00 | सडक साघुरो भएकोले | 082/10/2 | स्थानान्तरण | ढल | वडा समितिको निर्णय |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | १३ | कुसुन्ती स्थित सिद्धार्थ मार्ग (११२२) मा ढल स्तरोन्नती | 2,000.00 | सिद्धार्थ मार्ग र कुसुन्ती हाईटमा ढलान | 2,000.00 | ट्रस समस्या नभएकोले | 082/10/2 | स्थानान्तरण | ढल | वडा समितिको निर्णय |
| ११ | १३ | नख्खु पुरानो बजारको बाटो सिमाङ्कन गरी बाटो विस्तार र ब्लक छाप्ने | 3,000.00 | मग्राती टोलमा ब्लक र वाकी रकम कुसुन्ती विष्टपाखामा ढल र ब्लक छाप्ने | 3,000.00 | संघीय सरकार रकम विनियोजन भएकोले | 082/10/2 | स्थानान्तरण | सडक | वडा समितिको निर्णय |
| १२ | १३ | सिंचाई अफिस अगाडिको पुराने ढुङ्गेधारा उत्खन्न तथा पुनर्निर्माण | 1,000.00 | पञ्चकन्या मन्दिरको पर्खाल र विश्वेश्वर मन्दिरमा दधि अप्पा र अपुरो रहेको भरेङ लगायतको कार्य | 1,000.00 | प्राविधिक कठिनाई भएकोले | 082/10/2 | स्थानान्तरण | सम्पदा | वडा समितिको निर्णय |
| २)आर्थिक विकास समिति | | | | | | | | | | |
| १ | | कौसी खेती व्यवस्थापन कार्यक्रम (वडा १ देखि २० सम्म र वडा २५ तालिम र सामाग्री सहित) | 2,450.00 | वडा १ देखि २१ वडामा रकम रु.११६६६५/00 दरले | 2,450.00 | | 9/21/2082 | संशोधन | कृषि विकास | समितिको निर्णय |
| ३) उद्योग,पर्यटन तथा संस्कृति संरक्षण समिति | | | | | | | | | | |
| १ | | विश्व पर्यटन दिवस | १५०० | | २५० | | 10/2/2082 | संशोधन | | समितिको सिफारीस अनुसार |
| | | विश्व पर्यटन दिवस को बाँकी<br>यल महोत्सव<br>नेवा:दबु प्याखं संरक्षण (ख प्याख)<br>ई-रिक्सा संचालन व्यवस्थापन | १२५०<br>४०००<br>१०००<br>२०० | | | | | | | |
| | | | ६४५० | सास्कृतिक भेषभुषा प्रवर्द्धन तथा संरक्षणका लागि "उन्नत नमूना ड्रेस निर्माण तालीम" | १००० | | | | | " |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बौद्ध कला प्रवर्द्धनका लागि "Medieval Buddhist Painting Book Publication Support" | ४५० | | 10/2/2082 | संशोधन | | |
| | | न्याछो वाद्यवादन तालीम, वासुरी, धिमेवाजा वाद्यवादन तालीम र परम्परागत सास्कृतिक संरक्षण कार्यक्रम | ५०० | | 10/2/2082 | संशोधन | | |
| | | ललितपुरमा प्रचलनमा रहेको लोपउन्मुख वाजागाजा तथा वाद्यबादनको अध्ययन, विश्लेषण र प्रकाशन | ५०० | | 10/2/2082 | संशोधन | | |
| | | भिन्द्यो पुजा र स्मारिका विमोजन | १५० | | 10/2/2082 | संशोधन | | |
| | | योमरीलाई युनेस्को मा सूचिकृत गर्ने सम्वन्धमा विविध कार्यक्रम | ५०० | | 10/2/2082 | संशोधन | | |
| | | Creative City Of Music सम्वन्धी कार्यक्रमहरु | ८०० | | 10/2/2082 | संशोधन | | |
| | | मागमा आधारित कार्यक्रममा अपुग रकम | २५५० | | 10/2/2082 | संशोधन | | |
| | | | ६४५० | | | | | |

| वडास्तरीय आयोजनाहरु | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | फुटबल ग्राउण्ड मर्मतको ३ लाख र सि.न.५ तीन खम्बादेखि गुसिंगालसम्म सडक पेटी मर्मत सम्भार ६ लाख गरी जम्मा ९ लाख | ९०० | वडा कार्यालय परिसर मर्मत तथा सौन्दर्यिकरण | ९०० | उक्त योजना आवश्यक नभएकोले | 082/9/18 | संशोधन | वडा वजेट | वडा समितिको निर्णय |
| २ | ६ | महिला समूहहरुको लागि उद्यम सम्बन्धी तालिम | ७०० | महिला समूहहरुको लागि उद्यम सम्बन्धी तालिम | १०० | | 082/8/21 | संशोधन | वडा वजेट | वडा समितिको निर्णय |
| | | | | महिला उद्यमी तथा अन्य उद्यमीद्धारा उत्पादित सामानहरुको वजारिकरण तथा विक्री वितरण गर्न विक्री कक्ष कोशेली घर स्थापना | ६०० | उत्पादित सामान वजारिकरण नभएर विक्री नभएकोले | | | | |
| ३ | ११ | बत्ती जडान तथा मर्मत | १५०० | नया वत्ती जडान | ९०० | वडावासीहरुको माग भएकाले तथा आवश्यक भएकाले | 082/7/2 | संशोधन | वडा वजेट | वडा समितिको निर्णय |
| | | | | CC Camera जडान तथा मर्मत | ६०० | | | | | |
| ४ | १५ | खुमलटोलमा जुनु थापा मगर र देवेन्द्र थापा मगरको घर जाने बाटोमा ब्लक छाप्ने | ४०० | खुमलटोलमा जुनु थापा मगर र देवेन्द्र थापा मगरको घर जाने बाटोमा ढल र ब्लक छाप्ने | ४०० | ढल राख्नु पर्ने भएकाले | 082/8/16 | संशोधन | वडा वजेट | वडा समितिको निर्णय |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | १६ | श्री नृत्य नाथ मन्दिर मर्मत | ३०० | सम्यक महादान पर्वका लागि सम्वन्धित स्थलमा रहेका स्तुपा तथा गुठी घरमा रंगरोगन १ लाख, न्याखाचोंकको वाटो मर्मत १ लाख र सम्यकदानका लागि विजुली वत्ती जडान तथा सजावट १ लाख | ३०० | योजना संचालनमा विवाद सृजना | 082/9/6 | संशोधन | वडा वजेट | वडा समितिको निर्णय |
| ६ | १६ | ज्येष्ठ नागरिक अवलोकन भ्रमण | ३०० | | | | | | | नगरसभावाट संशोधन नगरिएको |
| ७ | १८ | विद्युत प्राधिकरण पछाडिको बाटोढलान | ४०० | वडा वजेटको भैपरि शिर्षक रकमान्तर | ४०० | बजेट अपुग | 082/9/18 | रकमान्तर | वडा वजेट | वडा समितिको निर्णय |
| ८ | १८ | बालकुमारी विद्यालय पछाडिबाट दिपक थापा मगरको घर तर्फको बाटो | ७०० | घुमाउने मार्ग अधुरो बाटो निर्माण थप | ७०० | योजना दोहोरिएको | 082/9/18 | रकमान्तर | वडा वजेट | वडा समितिको निर्णय |
| ९ | १९ | अग्निशाला बाट जेनबहाल जाने बाटोसुधार तथा मर्मत | ३०० | वडा भवनमा स्टोर निर्माण तथा अन्य मर्मत | ३०० | काम भैसकेकोले | 082/8/3 | संशोधन | वडा वजेट | वडा समितिको निर्णय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १० | २५ | जनप्रतिनिधि, स्वास्थ्यकर्मी तथा स्वयमसेविका क्षमता अभिवृद्धि कार्यक्रम | ५०० | खोप गाउघर तथा पोषण क्लिनिक संचालन कार्यक्रम रु.97000, आमा समूहको मासिक बैठक रु.४९000, घरदैलो स्वास्थ्य कार्यक्रम रु.290325 र स्वास्थ्य चौकी व्यवस्थापन अभिमुखिकरण तालीम कार्यक्रम रु.63675 | ५०० | वजेट पुस्तिकामा समावेश उल्लेखित कार्यक्रम हाल नहुने | 082/7/1 | संशोधन | वडा वजेट | वडा समितिको निर्णय |
| ११ | २६ | सि.न.८ सडक पेटी निर्माण १० लाख र सि.न.बार्को भित्री बाटो विस्तार ८ लाख | १८०० | जैनखेल कुल देवता मन्दिर देखि पाको खोला जाने बाटो विस्तार | १८०० | समस्या आएकोले | 082/9/28 | संशोधन | वडा वजेट | वडा समितिको निर्णय |
| १२ | २९ | दिनेश घिमिरेको पसलदेखि पुष्पको घरसम्म बाटो ढलान | २००० | दिनेश घिमिरेको पसल देखि पुष्पको घर हुदै मुकुन्द, उद्धव र डिल्ली प्रसादको घरसम्मको बाटोमा व्लक छाप्ने | २००० | स्थानीयको माग | 082/7/21 | संशोधन | वडा वजेट | वडा समितिको निर्णय |
| १३ | १६ | मंगल टोल सुधार संघको भवन निर्माण | २५०० | मगलवजार भाईदेग पुनःनिर्माण<br>वनवहाल नाम संगति मन्दिर पुनःनिर्माण | १५००<br>१००० | जग्गा प्राप्ति हुन नसकेको | 082/9/28 | रकमान्तर | वडा वजेट | वडा समितिको निर्णय |
| १४ | १६ | जोम्बहाल स्थित शिल्पकारहरुको आगन घर जिर्णोद्धार | १००० | न्हुबहा पुनःनिर्माण | १००० | संघीय वजेटवाट कार्यसम्पादन भै सकेको देखिएको हुदा | 082/9/28 | रकमान्तर | वडा वजेट | वडा समितिको निर्णय |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १५ | १६ | लोक सेवा तयारी कक्षा | ३०० | डिजिटल स्किल अभिवृद्धि तालीम | २०० | स्थानीय युवाहरुको तयारी कक्षाका लागि रुचि नदेखिएको | 082/9/28 | रकमान्तर | वडा वजेट | वडा समितिको निर्णय |
| | | | | लोकसेवा अभिमुखिकरण कार्यक्रम | १०० | | | | | |
| १६ | ९ | न्हुँ दया कार्यक्रम | १५० | न्हुँ दया कार्यक्रम | ५० | साविक शिर्षकमा ५० हजार खर्च भई बाँकी खर्च नहुने भएकाले | 082/9/9 | रकमान्तर | वडा वजेट | वडा समितिको निर्णय |
| | | | | खड्गी समाजको लागि फर्निचर व्यवस्थापन | १०० | | | रकमान्तर | | वडा समितिको निर्णयानुसार |
| १७ | ९ | नौ बाजा प्रशिक्षण | १५० | वालवालिकाको लागि जर्सि सेट र न्यानो कपडा/ज्याकेट व्यवस्थापन | १५० | साविक शिर्षकमा खर्च नहुने भएकाले | 082/9/9 | रकमान्तर | वडा वजेट | वडा समितिको निर्णय |
| १८ | ९ | श्रमिक शान्ति कलेज व्यवस्थापन | ५०० | वडा वजेट सि.न ६२ को खेलकुद कार्यक्रममा थप वजेट | ५०० | साविक शिर्षकमा खर्च नहुने भएकाले | 082/9/9 | रकमान्तर | वडा वजेट | वडा समितिको निर्णय |
| १९ | ९ | स्वास्थ्य क्लिनिक सञ्चालन | ५०० | वडा वजेट सि.न ३३ को अमुर्त सम्पदा संरक्षणमा थप वजेट | २०० | साविक शिर्षकमा खर्च नहुने भएकाले | 082/9/9 | रकमान्तर | वडा वजेट | वडा समितिको निर्णय |
| | | | | वडा वजेट सि.न ८० को मर्मतमा थप वजेट | ३०० | | | | | |
| २० | ९ | स्वास्थ्य विशेषज्ञको पारिश्रमिक | ३०० | वडा स्वास्थ्य कार्यान्वयन समितिको लागि फर्निचर व्यवस्थापन | ३०० | साविक शिर्षकमा खर्च नहुने भएकाले | 082/9/9 | रकमान्तर | वडा वजेट | वडा समितिको निर्णय |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २१ | ४ | बागडोल बाटो निर्माण | ५०० | एकता टोल समिति टोल समिति भवन फिनिसिङ | ५०० | योजना कार्यान्वयन हुन नसक्ने भएकोले | 082/9/30 | संशोधन | वडा बजेट | वडा समितिको निर्णय |
| २२ | ४ | पट्टिपा मन्दिरदेखि उत्तर बाटो निर्माण | २०० | पट्टिपा मन्दिर, मन्दिर क्षेत्र निर्माणमा थप २ लाख बजेट | २०० | योजना कार्यान्वयन नहुने भएकोले | 082/9/30 | संशोधन | वडा बजेट | वडा समितिको निर्णय |
| २३ | ४ | वडा बजेट जावलाखेल बाटो निर्माणको १० लाख र वडा बजेट भनिमण्डल बाटो निर्माणको ५ लाख गरी जम्मा १५ लाख | १५०० | बिष्णुदेवी मन्दिर/पाटी तथा सतल पुनर्निर्माणकाव लागि थप बजेट | १५०० | योजना कार्यान्वयन हुन नसक्ने भएकोले | 082/9/30 | संशोधन | वडा बजेट | वडा समितिको निर्णय |
| २४ | २३ | ठुलो पधेरो किरियापुत्री भवन मर्मत | ५०० | विभिन्न भजन खलः लाई प्रशिक्षण तथा मर्मत योजना | ५०० | नगरस्तरीय योजनामा परेकोले | 082/9/२८ | संशोधन | वडा बजेट | वडा समितिको निर्णय |
| २५ | २३ | पदम प्रकाश मा. वि. जाने बाटोमा ढल तथा ढलान योजना | ५०० | पदम प्रकाश मा. वि. जाने बाटोमा ढल तथा ढलान योजना | २५६ | कार्यान्वयन भई रकम बाँकी रहन गएको रु २४४००० रकमान्तर हुन | 082/9/२८ | संशोधन | वडा बजेट | वडा समितिको निर्णय |
| | | | | ब्रम्हटोलमा ब्लक छाप्ने | २४४ | वडावासीहरुको माग भई आएको | | | | |
| २६ | २३ | भैरव गुठी मर्मत सम्भार | ३०० | गुठी मार्गमा ब्लक छाप्ने | ३०० | नगरस्तरीय योजनामा परेकोले | 082/9/२८ | संशोधन | वडा बजेट | वडा समितिको निर्णय |
| २७ | २३ | जेम्स स्कुल अगाडिको मुल सडक स्तरोन्नति | २५०० | धापाखेल मुल सडकमा ढल व्यवस्थापन | २५०० | वडावासीहरुको माग भई आएको | 082/9/२८ | संशोधन | वडा बजेट | वडा समितिको निर्णय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २८ | ३ | सडक बत्ती र मर्मत सम्भार ३ लाख मध्ये १ लाख २० हजार संशोधन आएको | ३०० | मिलेपाको २०८३ खाप्न | १२० | 082/9/25 | रकमान्तर | वडा बजेट | वडा समितिको निर्णय |
| २९ | ३ | दुइखानीमा गोरेटो बाटो ढलान, संशोधन आएको ५४६७४/०० मात्र | ३०० | मिलेपाको २०८३ खाप्न | ५५ | 082/9/25 | रकमान्तर | वडा बजेट | वडा समितिको निर्णय |
| ३० | ३ | ठाउँ चिनारी (सडकको दायाँ बायाँ रङ रोगन) | १००० | स्मार्ट डिजिटल बस स्टयाण्ड | ८५० | 082/9/25 | रकमान्तर | वडा बजेट | वडा समितिको निर्णय |
| | | | | ठाउँ चिनारी बोर्ड राख | १५० | | | | |
| ३१ | ३ | सि.न.१४ उद्यमशील स्वरोजगार कार्यक्रम ५ लाख, कुहिने/नकुहिने Segregation गर्न ३ जना (पारिश्रमिक) ६ लाख, Bio Gas Supervisor Plant ४ लाख र फोहोरमैला प्रशोधन सर-सामान खरिद १० लाख गरी जम्मा २५ लाख | २५०० | अल्ट्रासाउण्ड मेशिन खरिद | २५०० | 082/9/25 | रकमान्तर | वडा बजेट | वडा समितिको निर्णय |
| ३२ | २० | दश महाविद्या पूजा | १०० | सांकृतिक कार्यक्रम | १०० | 082/10/2 | रकमान्तर | वडा बजेट | वडा समितिको निर्णय |
| ३३ | २० | युवाहरुलाइ सांस्कृतिक नृत्य तालिम | २०० | सार्वजनिक खरिद विधि गर्ने सम्बन्धी तालीम कार्यक्रम | २०० | 082/10/2 | रकमान्तर | वडा बजेट | वडा समितिको निर्णय |
| ३४ | २० | Public Speaking Training | १५० | महिला समूहका लागि उद्घोषण तथा व्यवस्थापन तालीम | १५० | 082/10/2 | रकमान्तर | वडा बजेट | वडा समितिको निर्णय |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३५ | २० | माहिलाहरुका लागि आत्मनिर्भरता सम्बन्धी सचेतना कार्यक्रम | १०० | महिलाहरुको लागि आत्मनिर्भरता सम्बन्धी सचेतना तथा तालीम | १०० | | 082/10/2 | रकमान्तर | वडा बजेट | वडा समितिको निर्णय |
| ३६ | २० | Ward Profile | १००० | Field Verification and Mapping<br>Ward Profile and Web page | ५००<br>५०० | | 082/10/2 | रकमान्तर | वडा बजेट | वडा समितिको निर्णय |
| ३७ | २० | Ward App and Web Design | ५०० | Mobile Application design and development | ५०० | | 082/10/2 | रकमान्तर | वडा बजेट | वडा समितिको निर्णय |
| ३८ | २० | उद्घोषण तालिम | ३५० | उदघोषण तालीम<br>Not just Candles Glass मैन बत्ती बनाउने तालीम | २५०<br>१०० | | 082/10/2 | रकमान्तर | वडा बजेट | वडा समितिको निर्णय |
| ३९ | ५ | ढल निर्माण (दिक्षित टोल र अन्य स्थान) | १००० | विविध शिर्षक | १००० | निर्माण कार्य नहुने भएकोले | 082/9/28 | रकमान्तर | वडा बजेट | वडा समितिको निर्णय |
| ४० | ५ | ज्येष्ठ नागरिक दिवा सेवा सञ्चालनको लागि आवश्यक बजेट माग | ४०० | वडास्तरीय बाल क्लब रनिङ शिल्ड हाजिरी जवाफ प्रतियोगिता | ४०० | कार्यक्रम नहुने भएकोले | 082/9/28 | रकमान्तर | वडा बजेट | वडा समितिको निर्णय |
| ४१ | ५ | वडामा रहेको विभिन्न मठ मन्दिरहरु, संघ संस्था र वडामा रहेको भित्री सडकमा रङ्ग रोगन र अन्य कार्यक्रम ५ लाख मात्र रकमान्तर | १००० | वडावासीको लागि फष्टेड एडभान्स तालीम र झटपट झोला खरिद | ५०० | उक्त कार्यक्रम ५ लाख मात्र भए पुग्ने भएकोले | 082/9/28 | रकमान्तर | वडा बजेट | वडा समितिको निर्णय |
| ४२ | ५ | जेष्ठ नागरिकहरुको लागि पौष्टिक आहार वितरण तथा धार्मिक स्थल भ्रमण | ६०० | जेष्ठ नागरिकको लागि पौष्टिक आहार तथा न्यानो कपडा र अन्य सामग्री वितरण | ६०० | जेष्ठ नागरिकको लागि जान कठिनाई भएकोले | 082/9/28 | संशोधन | वडा बजेट | वडा समितिको निर्णय |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४३ | ५ | एकल महिलाहरुका लागि क्षमता अभिवृद्धि तथा तालिम कार्यक्रम | ३०० | एकल महिलाहरुका लागि क्षमता अभिवृद्धि अवलोकन भ्रमण | ३०० | | 082/9/28 | संशोधन | वडा बजेट | वडा समितिको निर्णय |
| ४४ | ११ | वडास्तरीय फुटसल कार्यक्रम | ३०० | खेलकुद गतिविधि तथा कार्यक्रम | ३०० | धेरै खेलकुद गतिविध भएकोले | 082/9/17 | रकमान्तर | वडा बजेट | वडा समितिको निर्णय |
| ४५ | ११ | ईलेभेन स्टार क्लबको कभर्ड हल निर्माण | ३००० | खुल्ला व्यायामको भौतिक पूर्वाधार | ८०० | खुल्ला व्यायामको लागि भौतिक पूर्वाधार नभएकोले | 082/9/17 | रकमान्तर | वडा बजेट | वडा समितिको निर्णय |
| | | | | पाटन हाईस्कुल | ८०० | बजेट नभएकोले | 082/9/17 | रकमान्तर | वडा बजेट | वडा समितिको निर्णय |
| | | | | सम्पदा संरक्षण तथा मर्मत | ८०० | बजेट अपुग भएकोले | 082/9/17 | रकमान्तर | वडा बजेट | वडा समितिको निर्णय |
| | | | | स्वास्थ्य सम्बन्धी कार्यक्रम | ३०० | बजेट अपुग भएकोले | 082/9/17 | रकमान्तर | वडा बजेट | वडा समितिको निर्णय |
| | | | | शैक्षिक गतिविधि तथा ऐतिहासिक अभिलेख एवं विभिन्न पुस्तक विमोचन कार्यक्रम | ३०० | बजेट नभएकोले | 082/9/17 | रकमान्तर | वडा बजेट | वडा समितिको निर्णय |
| ४६ | ११ | ज्यापु कल्याण भवनको पूर्वाधार निर्माण | १००० | जिवन उपयोगी तालीम सामग्रीहरु | १००० | ज्यापु समाजलाई आवश्यक भएकोले | 082/9/17 | रकमान्तर | वडा बजेट | वडा समितिको निर्णय |
| ४७ | ११ | सि.न.१२ सरस्वती मन्दिर अगाडिको खाली ठाउँमा ब्लक छपाईको ५ लाख र सि.न.१३ सैधु गणेशको बज्र भैरव जिर्णोद्धारको ४ लाख गरी जम्मा ९ लाख | ९०० | श्री कुम्भेश्वर जलविनायक मन्दिरको पर्खाल तथा ढोका मर्मत तथा पुनःनिर्माण | ९०० | बजेट कार्यान्वयन हुन नसक्ने भएकोले | 082/9/17 | रकमान्तर | वडा बजेट | वडा समितिको निर्णय |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४८ | ११ | एस.ई.ई. तथा कक्षा १२ का विद्यार्थीहरुलाइ शैक्षिक अवलोकन भ्रमण | १०० | एस.ई.ई. तथा कक्षा ११र १२ का विद्यार्थीहरुलाइ करियर काउन्सिलिङ तालीम | १०० | महत्वपुर्ण भएकोले | 082/9/17 | रकमान्तर | वडा बजेट | वडा समितिको निर्णय |
| ४९ | २८ | सि.न.३८ स्वास्थ्य चौकी मर्मत तथा व्यवस्थापनको ४ लाख र सि.न.५० रक्तदान कार्यक्रमको १ लाख गरी जम्मा ५ लाख | ५०० | सि.न.५१ मा थप बजेट निःशुल्क औषधी वितरण कार्यक्रम | ५०० | यस आवमा कार्य नगर्ने भएकोले | 082/9/23 | रकमान्तर | वडा बजेट | वडा समितिको निर्णय |
| ५० | २८ | सि.न.४१ विद्यार्थी पोसाक भत्ता (प्रति विद्यार्थी २ हजारका दरले स्थानीय स्कूलमा अध्ययनरत स्थायी बासीको लागि मात्र) ७ लाख र सि.न.५५ हरिसिद्धि मा.वि. भित्र सूचना, नारा, दिव्यवाणी तथा ऐतिहासिक चित्रको व्यवस्थापनको ३ लाख मध्ये १ लाख ८६ हजार मात्र रकमान्तर | ८८६ | Demand Pelican Crossing System | ८८६ | बजेट अपुग भएकोले | 082/9/2९ | रकमान्तर | वडा बजेट | वडा समितिको निर्णय |
| ५१ | २८ | हरिसिद्धि मा.वि. भित्र सूचना, नारा, दिव्यवाणी तथा ऐतिहासिक चित्रको व्यवस्थापनको ३ लाख मध्ये १ लाख १४ हजार मात्र रकमान्तर | ११४ | हरिसिद्धि मा.वि. विद्यार्थीहरुको लागि न्यानो कपडा प्रदान | ११४ | पहिले कार्यक्रम गरिसकेकोले | 082/9/2९ | रकमान्तर | वडा बजेट | वडा समितिको निर्णय |
| ५२ | २४ | प्रगति टोलमा आवश्यक पूर्वाधार कार्य | ५०० | प्रगति टोल भवन फिनिसिङ कार्य | ५०० | | 082/9/6 | रकमान्तर | वडा बजेट | वडा समितिको निर्णय |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५३ | २४ | गोखुरेश्वर मन्दिर क्रियापुत्री पाटी | ६५० | मन्दिर तर्फको आवश्यक कार्य गर्ने | ६५० | | 082/9/6 | रकमान्तर | वडा बजेट | वडा समितिको निर्णय |
| ५४ | २४ | मालीगाँउ डिल ट्रस निर्माण | ४०० | माली भवन निर्माण | ४०० | | 082/9/6 | रकमान्तर | वडा बजेट | वडा समितिको निर्णय |
| ५५ | २४ | जलपा मन्दिर मर्मत सम्भार (सुब्बा गाँउ | ३०० | बाहुन गाउ देखि बालोदय चोकसम्म ढल लगायत आवश्यक कार्य | ३१०० | | 082/9/6 | रकमान्तर | वडा बजेट | वडा समितिको निर्णय |
| | २४ | सडक बत्ती/सि.सि.टि.भी. जडान तथा व्यवस्थापन /पोलको ८ लाख मध्ये ३ लाख रकमान्तर | ३०० | | | | | | | |
| | २४ | माग भई सहमती भएका बिभिन्न स्थानमा बाटो बिस्तार लगायतका कार्यक्रमहरुको ८ लाख मध्ये ४ लाख रकमान्तर | ४०० | | | | | | | |
| | २४ | सेता गणेश गुठी घर | ३०० | | | | | | | |
| | २४ | निरञ्जनको घर उत्तरतर्फ बाटो लगायत अन्य सडक मर्मत (साविक ३) | १००० | | | | | | | |
| | २४ | पशुपती टोल महिला सामुदायिक भवन निर्माण | ५०० | | | | | | | |
| | २४ | वडाको बिभिन्न स्थानमा भू-क्षय नियन्त्रणको ८ लाख मध्ये ३ लाख रकमान्तर | ३०० | | | | | | | |
| | | जम्मा | ३१०० | | | | | | | |
| ५६ | १० | वडा भित्र सौन्दर्यीकरण कार्यक्रम (पार्क, खेल | १००० | पार्कको सुरक्षाको लागि फलामेवार र खेलकुद | ३०० | | 082/09/29 | शिर्षकान्तर | वडा बजेट | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | मैदान सार्वजनिक स्थान), | - | सामाग्री | | | | | | |
| | | | | आधारभुत स्वास्थ्य केन्द्रमा फर्निचर तथा कोठा विस्तार | ७०० | | 082/10/4 | शिर्षकान्तर | वडा बजेट | |
| ५७ | १० | आकासे पुल व्यवस्थापन | ५०० | चाकुपाट हरियाली मार्गबाट चोकसम्म र ज्वागल मधु पार्कमा ब्लक छाप्ने | ५०० | स्थानीय माग बमोजिम | 082/10/4 | शिर्षकान्तर | वडा बजेट | |
| ५८ | १० | चाकुपाट सरस्वती मन्दिर गल्लीमा ब्लक र योगा जिर्णोद्धार | ८०० | ज्वागल मार्गमा ब्लक छाप्ने | ११०० | स्थानीय माग बमोजिम | 082/10/4 | शिर्षकान्तर | वडा बजेट | |
| | | हाट बजार तथा तरकारी बजारका लागि पूर्वाधार र व्यवस्थापन | ३०० | | | | | | | |
| ५९ | २७ | सुनाकोठी युथ असोसिएसन | ५०० | म्युजिक सिस्टम खरिद | २५० | | | | वडा बजेट | |
| | | | | युथ एसोशियसन परिसरमा गार्डेन निर्माण | २५० | | | | | |
| ६० | २७ | धलडगचा बाटो पूर्णता | ९०० | वालकुमारी मन्दिर परिसरमा गार्डेन निर्माण | ९०० | | | | वडा बजेट | |
| ६१ | २७ | सुनाकोठी गाँउ सुधार भवन पूर्वाधार निर्माण | १२०० | सुनाकोठी गाँउ सुधार समिति भवनमा रंगरोगन र मर्मत | ३०० | | | | वडा बजेट | |
| | | | | भोज भतेर संचालनमा आवश्यक भान्छाको सामाग्रीहरु जस्तै ठुलो डेक्चीहरु जस्ता सामान खरिद | ९०० | | | | | |
| ६२ | ४ | विपद् व्यवस्थापन तालिम | ५०० | विष्णुदेवी पार्क निर्माण | ५०० | | 082/9/30 | संशोधन | वडा बजेट | |

(नोट : वडा नं. १६ बाट संशोधनका लागि पेश भएका योजना मध्ये जेष्ठनागरिक अवलोकन भ्रमणको बजेट तथा कार्यक्रम नगर सभाबाट संशोधन नभएको )

निर्णय नं. ३

सभाध्यक्षज्यूबाट बैठकको कार्यसुची बमोजिम लेखा समितबाट पेश भएको महालेखा परीक्षक कार्यालयबाट आ.ब. २०७७/०७८ देखी आ.ब. २०८०/०८१ सम्मको लेखा परीक्षण हुँदा कायम भएको बेरुजुहरु मध्ये कार्यालयले खर्च गर्दा सरकारलाई कुनै पनि हानि नोक्सानी तथा हिनामिना नभएको तोकिएको कार्य सम्पन्न भएको तर स्थानीय तहमा सम्बन्धित ऐन नियम मार्गदर्शन तथा खर्चका मापदण्ड समय मै बन्न नसकेको कारणबाट अनियमित भनी कायम रहन गएको बेरुजु रकम आर्थिक वर्ष २०७७/०७८ मा रु. ४१,५४,७१९.००, आर्थिक वर्ष २०७८/०७९ मा रु. ७०,२४,७००.००, आर्थिक वर्ष २०७९/०८० मा रु. ५८,४७,३०८.९२ र आर्थिक वर्ष २०८०/०८१ मा रु. ४७,७०,०२३.०० गरी जम्मा रु. २,१७,९६,७५०.९२ (दुई करोड सत्र लाख छयान्नब्बे हजार सात सय पचास रुपैया बयानब्बे पैसा) नियमित गरियोस भनी सभाध्यक्षले राखु भएको प्रस्ताव नगरसभाबाट पारित गरियो ।

| सि.न | बेरुजु दफा | बेरुजुको संक्षिप्त व्यहोरा | बेरुजु रकम | आर्थिक बर्ष |
|---|---|---|---|---|
| १ | १७२(ख) | परामर्श सेवा: सम्भाव्यता अध्ययन, विस्तृत सर्वेक्षण तथा डिजाइनको लागि रु. ९३,९०,५८० परामर्श सेवा खरिदमा खर्च गरेकोमा एउटै प्रकारको परामर्शदाताबाट पटक पटक सोझै वार्तामार्फत प्रतिष्पर्धा बेगर सेवा लिई भुक्तानी दिएको रकम | १४६४६५२ | २०८०/८१ |
| २ | १६२.२३ | मिखावहाल मिसा पुच मिखावहाल यल: दिवा सेवा सदनमा जेष्ठ नागरिकलाई खाजा खुवाउने भन्ने कार्यक्रममा कार्यविधि वा मापदण्ड पेश नभएको, २ जना कर्मचारी उल्लेख गरी प्रति महिना १५०० को दरले २ जनालाई १ बर्षको पारिश्रमिक भनी रु ३,६०,००० रकम बुझेको भरपाई पेश भएको | ३६०००० | २०८०/८१ |
| ३ | १६९ | साँग्रिला प्रणाली: राजस्व पणाली सम्वन्धी साँग्रिला प्रयोग गरेवापत शाग्रिला इन्फरमेटिक्स् प्रा.लि. (३०१५४४७७३) लाई भुक्तानी गरेको, वक्यौताको यथार्थ विवरण पालिकाको पहुँचमा रहेको नदेखिंदा प्रणालीमा सञ्चालनको लागि गरेको खर्च प्रभावकारी नदेखिएको | २३४८३७१ | २०८०/८१ |
| ४ | १७२ | आकस्मिक सेवा खर्च: आकस्मिक सेवा नामको शीर्षकमा रु ५ | ४९७००० | २०८०/८१ |

| | | | | |
|---|---|---|---|---|
| | | लाख बजेट बिनियोजन गरि कायगुनानी मंका खल लाई दराज रु. ५० हजार, गाडीभाडा रु ६० हजार, मेलमिलाप केन्द्रको चिया खाजा रु ६० हजार र धाः बाजा खललाई अक्षय कोष स्थापना वापत रु ३,००,०००।– र मछिन्द्रनाथको जात्रामा जुस वितरण वापत रु २७ हजार समेत रु ४ लाख ९७ हजार खर्च लेखेको | | |
| ५ | १४५ | बालबालिका स्वास्थ्य पोषण सम्बन्धी कार्यक्रमबाट पिकनिक खर्चः पोषण सम्बन्धी ज्ञान सीप क्षमता बृद्धि र पाककला तथा रैथाने प्रकृतिका खाना खाजा र त्यसबाट प्राप्त हुने क्यालोरीका वारेमा शिक्षा दिनुपर्नेमा पोषण वापत वनभोज कार्यक्रम सञ्चालन गरेको | १००००० | २०८०/८१ |
| ६ | ३ | अस्थायी र करार कर्मचारीलाई स्थायी नियुक्तीः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ३ बमोजिम स्थानीय सेवाको स्थायी दरबन्दीको पदमा प्रदेश लोक सेवा आयोगले छनौट गरी सिफारिस गरेको उमेद्वारलाई मात्र नियुक्ति गर्नुपर्ने व्यवस्था विपरित महानगरले २०६४ असोज मसान्त भित्र अस्थायी एवं करारमा सेवा प्रवेश गरी अविछिन्न रुपमा कार्यरत ४१ जना कर्मचारीलाई आ.व. ०७८।०७९ मा महानगरको पहिलो नगरसभाको निर्णय नं. १४ र १५ बाट स्थायी नियुक्ति दिएको, प्रदेश लोक सेवा आयोगको परामर्श समेत नलिइ प्रतिश्पर्धा परीक्षा बिना सभाको निर्णयले अस्थायी एवं करार सेवाका कर्मचारीलाइ स्थायी नियुक्ति दिएको कारण कर्मचारी सञ्चय कोष वापतको रकम थप व्ययभार पारेको | १५९१३२९.६ | २०७९/८० |
| ७ | १०१ | अधुरो योजना दायित्त्व शिर्षकबाट भुक्तानीः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व नियमावली, २०७७ को नियम ३९ (१५) मा दायित्व सृजना भई भुक्तानी दिन बाँकीको विवरणमा समावेश भएको खर्च कार्यालयले भुक्तानी दिन सक्ने व्यवस्था विपरित महानगरपालिकाले वडा नं १८ लाई कर्मचारी क्षमता विकास तालिम संचालन बापतको रकम भुक्तानी दिएको तथा वडा नं १८ वडा को अधुरो योजना अन्तर्गत दायित्त्व सारेको नदेखिएको र क्षमता विकास भनिएपनि कुनै पनि प्रशिक्षण नभएको | १७४५४४ | २०७९/८० |
| ८ | १२०.८ | सुन्धारासिन्चाहीटि मण्डपहिटी नायख्यो मुहान संरक्षण उ सः मण्डपहिटी नायख्यो मुहान संरक्षणको रु ४०,४७,५०० पे फ गरी दोस्रोकिस्ता रु १२,८९,७६६ पेश्की भुक्तानी गरिएकोमा | ९३६१५ | २०७९/८० |

| | | | | |
|---|---|---|---|---|
| | | डोर हाजिरी विवरण पेश नभएको | | |
| ९ | ८० | उपभोक्ता समितीको काम निर्माण व्यवसायीबाट कार्य गराएको: मिलन बस्ती इलामस्टोर पूर्व सडक ढलान वडा नं २३ मा सडक निर्माण कार्यको उपभोक्ता समितिले आफै निमार्ण कार्य गर्नु पर्नेमा नियम विपरीत निर्माण व्यवसायी धनेश्वर कन्स्ट्रक्सन सप्लायर्स प्रा ली को रु४०४२१४।०७ को बिल संलग्न गरी रु. ५४३७१६।०० को खर्च लेखेको | ५४३७१६ | २०७९/८० |
| १० | १३१ | मेट्रिक ठेगाना: महानगरले घर ठेगाना व्यवस्थित गर्नका लागि घर नम्बर टाँस गर्ने योजना अनुसार जियो ग्रिड इनोभेटिभ जे.भि सँग सम्झौता गरी मेट्रिक ठेगाना प्रणाली परियोजना कार्यको घर पाता टाँस र सडक नाम पाता टाँस्ने कार्यको सम्झौताको शर्त बमोजिम प्रविधि हस्तान्तरण नभइ कार्यसम्पन्न कसरी गरियो तथा प्रविधि हस्तान्तरण विना कार्यान्वयनका लागि खरिद गरिएका सामाग्रीहरुको औचित्यता पुष्टि हुन सकेन | १४२३२०० | २०७९/८० |
| ११ | १३५.५ | आ बा २०७८। ७९ को सम्परीक्षण तथा थप कायम बेरुजु: महानगरले ऐरावत टोल पुर्व चिहान खोलावारीपारी बाटो निर्माण उ.स-२३ लाई सम्झौता तथा लागत अनुमानमा उल्लेख नभएको ल्याब टेष्टको खर्च रू ११०१७.५१ समेत भुक्तानी गरेको | ११०१७.५१ | २०७९/८० |
| १२ | १२०.८ | महानगरपालिकाको आन्तरिक लेखा परिक्षण शाखाबाट कायम बेरुजु दफा ५ | २००९८८६.८१ | २०७९/८० |
| १३ | १९ | सत्कार सेक्युरिटी: सेक्युरीटि गार्डको पारिश्रमिक भुक्तानीमा आर्थिक ऐन, २०७८ को व्यवस्था भएबमोजिम कुनै सरकारी कार्यालयले भ्याटमा दर्ता भएको फर्मसंग ठेक्का वा सम्झौता गरी कार्य गराउँदा उक्त फर्मलाई भुक्तानी गर्ने मुल्य अभिबृद्धि करको ७० प्रतिशत मात्र भुक्तानी गरी बाँकी ३० प्रतिशत रकम स्वयंम कार्यालयबाट नै कर कार्यालायमा दाखिला हुने भुक्तानी गर्नु पर्नेमा कट्टा नै नगरी १०० प्रतिशत नै भुक्तानी गरेको | १३२९४३४ | २०७८/७९ |
| १४ | ३५ | बैठक भत्ता: स्थानीय तहको पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐन,२०७५(२०७७ वैसाख ३ गते प्रकासित) अनुसूची १-क विपरीत महानगरपालिकाले विज्ञ तथा कानूनी सल्लाहकार वोलाई कानून विपरित वैठक भत्ता भुक्तानी गरेको | २६०००० | २०७८/७९ |

| | | | | |
|---|---|---|---|---|
| १५ | ५४ | वडा समितिको बैठक भत्ताः बागमती प्रदेशको स्थानिय तहको पदाधिकारीहरुको सेवा सुविधा सम्वन्धि ऐन २०७५ मा स्पष्ट व्यवस्था हुदाहुँदै पालिकाले प्रदेश ऐन विपरित साविककै स्थानिय राजपत्रको आधार लिई वडा समितिको बैठक भत्ता लेखेकोले नियम संगत नदेखिएको | १४०००० | २०७८/७९ |
| १६ | ६२ | नगरसभा बैठक-उपस्थिति संख्या नदेखिएकोले खर्चको एकिनः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार सरकारी रकम खर्च गर्दा त्यसलाई पुष्टि गर्ने बिल भरपाई तथा अन्य आवश्यक कागजात संलग्न गर्नुपर्ने व्यवस्था विपरित महानगरले नगरसभाको पहिलो तथा दोस्रो बैठक यल दरबार भेन्यु प्रा लि मा सञ्चालन गरेको तथा नगरसभाको बैठकमा उपस्थित व्यक्तिहरुको हाजिरी गणना गर्दा जम्मा १४१ जनाको उपस्थिति रहेको तर खर्च बिल अनुसार प्रथम नगरसभामा उपस्थिति संख्या २५० र दोस्रो नगरसभामा उपस्थिति संख्या १७५ का दरले भुक्तानी गरेकोले खर्चको एकिन गर्न नसकिएको | ३९४६०० | २०७८/७९ |
| १७ | ८५ | समपुरक योजना-५०% भन्दा बढि खर्चः समपुरक अनुदानवाट रकम खर्च गर्दा सम्बन्धित कार्यालय र अनुदानबाट ५०-५० प्रतिशतका दरले कुल कार्य सम्पन्न प्रतिवेदनमा उल्लेख भएको रकमको समान रुपले खर्च हुने गरी खर्च लेख्ने र वर्षान्तमा वचेको रकम सम्वन्धित संचित कोषमा फिर्ता पठाउनु पर्ने व्यवस्था विपरीत कुल कार्य सम्पन्न रु.७७ लाख १२ हजार भएकोमा नियमानुसार ५० प्रतिशतका दरले रु.३८ लाख ५६ हजार समपुरक बजेट उपशिर्षकवाट खर्च लेखि बाँकी रु.३८ लाख ५६ हजार महानगरको पुँजिगत शिर्षकबाट खर्च लेख्नुपर्नेमा महानगरबाट रु.१९ लाख २८ हजार मात्र खर्च लेखि बाँकी रकम समपुरक कोषबाट लेखेको तथा नियमानुसार ५० प्रतिशत भन्दा बढी खर्च लेखेको रु.१९ लाख २८ हजार फिर्ता पठाउनु पर्ने | १९२८००० | २०७८/७९ |
| १८ | १०४ | आदर्श कन्या कलेजका लागि बि.बि.एस प्रथम दोश्रो र तेश्रो वर्षका लागि पुस्तक खरिदः कार्यालयले आदर्श कन्या कलेजका लागि पुस्तक खरिद गरे वापत विद्या बुक स्टोरको प्यान बिजकको आधारमा रु.१९९१४५ भुक्तानी भएको | १९९१४५ | २०७८/७९ |

| | | | | |
|---|---|---|---|---|
| १९ | ११५ | पि.भि.सी. म्याट विच्छ्याउने: प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गत सामुदायिक सिकाई केन्द्र योग तथा खेल भवन पूर्वाधार हल निर्माणको वार्षिक दररेटमा पि.भि.सि. म्याट विच्छ्याउने कार्यको दररेट नभएको भनि कोटेशनवाट Micro international को दररेट स्वीकृत गरी सम्झौता तथा दररेट माग गरेकोमा कार्यसम्पन्न तथा मूल्याङ्कनमा समेत कार्यसम्पन्न प्रतिवेदन पेश भएकोमा म्याट खरिद प्रतिस्पर्धा वेगर गरेको र सार्वजनिक सुनवाई समेत नभएको | २६१०५२१ | २०७८/७९ |
| २० | १२५ | न्यायमाहरुको लागी पोषाक खरिदः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार सरकारी रकम खर्च गर्नुपूर्व लागत अनुमान तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्विकृत गराई खर्च लेखुपर्ने र सो रकम वराबरको विल भरपाई तथा अन्य आवश्यक कागजात पेश गर्नुपर्ने व्यवस्थाको विपरित वडा नं २७ लाई न्यायमाहरुको लागी पोषाक खरिद गरेबापत गणेश एस एस ईन्टरप्राईजेजलाई रु १६३००० भुक्तानी दिएकोमा वडाले लागत अनुमान तयार नगरी भुक्तानी दिएको, १५ जना व्यक्तिलाई प्रति व्यक्ति ५३ मिटरका दरले ८०१.५ मिटर कपडा खर्च लेखेको | १६३००० | २०७८/७९ |
| २१ | २४ | फुटपाथ निर्माण : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति संग सम्झौता गरी निर्माणकार्य गर्ने सम्वन्धि व्यवस्था महानगरपालिकाले वडा नं. ३ को विभिन्न स्थानमा अपाङ्गमैत्रि फुटपाथ निर्माण गर्दा निर्माण स्थल र चेनेज नखुलेको कार्यमा उपभोक्ता समितिलाई रु. १६,७५,८३२.०० भुक्तानी गरेको नियम संगत नदेखिएको | १६७५८३२ | २०७७-७८ |
| २२ | ५१.४ | विमा तथा भत्ता व्यवस्थापन : बागमती प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी संशोधित ऐन, २०७५ को अनुसूची-१क मा महानगरपालिकाका सम्पूर्ण पदाधिकारीको बैठक भत्ता प्रति बैठक रु.१००० विपरित महानगरपालिकाले आफैले बैठक निर्धारण सम्वन्धी मापदण्ड, २०७६ अनुसार रु.१५००\२००० का दरले वैठक भत्ता वितरण गरेको नियमसंगत देखिएन | २६०००० | २०७७-७८ |

| | | | | |
|---|---|---|---|---|
| २३ | ५६ | <u>विद्युत महशुल :</u> सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा २४ मा आफूले सम्पादन गर्ने काम निर्धारित समयमानै सम्पादन गर्न आफैले पहल गर्ने उत्तरदायित्व जिम्मेवार पदाधिकारीको हुने व्यवस्था विपरित महागरपालिकाले समयमै विद्युत महसुल नतिरी जरीवाना स्वरुप थप दस्तुर बापत भुक्तानी गरेको | १०८०४५ | २०७७-७८ |
| २४ | ५८.४ | <u>सेवा तथा परामर्श खर्च:</u> महानगरपालिकाले सत्कार सेक्युरिटिज प्रालि संग १८ जवान सुरक्षा गार्ड सेवाको लागि गरेको सम्झौतापत्रमा प्रति जवान भ्याट सहित रु.२०२२७ मासिकका दरले भूक्तानी गर्ने र अतिरिक्त दशै खर्च बापत प्रति सुरक्षागार्डको भ्याट सहित रु.९५५४.८५ का दरले गर्ने सम्झौताको बुदा नं.९ मा उल्लेख गरि रु.१७१९७४।७० भूक्तानी गरेको तर चाडपर्व खर्च कार्यालयका कर्मचारीहरुलाईमात्र प्रदान गर्नुपर्नेमा सेक्युरिटी सेवा प्रदान गर्ने कम्पनीलाई समेत चाडपर्व खर्च भनि भूक्तानी भएको रकम नियमसंगत देखिएन | १७१९७४ | २०७७-७८ |
| २५ | ५९.२ | <u>भत्ता व्यवस्थापन :</u> स्थानीय तहको पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ (२०७७ बैशाख ३ गते प्रकाशित) अनुसूची१-क मा सम्बन्धमा स्पष्ट व्यवस्था हुँदाहुदै पालिकाले प्रदेश ऐन विपरीत साविककै बैठक निर्धारण सम्बन्धी मापदण्ड, २०७६ अनुरुप वडा समितिको सदस्यबाहेकका कानुन विज्ञ, सल्लाहकार, ईन्जिनियर आदि व्यक्तिहरुलाई समेत भूक्तानी दिएको नियम संगत देखिएन | १०३३००० | २०७७-७८ |
| २६ | ६६ | <u>म्यानुअल दर :</u> उपभोक्ता समितिबाट गरेको कार्यमा प्राविधिकले ठेक्का विल तथा कार्य सम्पन्न तयार गर्दा मेशिनको दर खन्ने कार्यको रु ७३।३४ र पुर्ने कार्यको ११८।६९ का दरले प्राविधिक विल तयार गर्नुपर्नेमा उक्त ढल निर्माण कार्यमा ह्युमपाईपको ट्रेन्चलाईन खन्ने र पुर्ने कार्यको लागि मानिसको दर क्रमस रु ६१८। र रु ३७५। को दरले लागत अनुमान तयार गरि सोहि दरमा उपभोक्ता समिति संग सोही दरमा उपभोक्ता समितिलाई भुक्तानी दिएको महानगरपालिकालाई बढी व्ययभार पारेको | ९०५८६८ | २०७७-७८ |
| जम्मा | | | २,१७,९६,७५०.९२ | |

निर्णय नं. ४,

नगरसभा सदस्य श्री रुपेश थापाबाट यस ललितपुर महानगरपालिकामा विगत वर्षहरुदेखि अनवरत रुपमा अस्थायी/ करार र ज्यालादारीमा नियुक्त भई कार्यरत कर्मचारीहरु सर्वोच्च अदालतको फैसला बमोजिम मिति २०७९ आषाढ ३१ गतेको नगरसभा बैठकको निर्णयानुसार स्थायी नियुक्त भएका कर्मचारीहरुलाई अवकाश हुँदा उपलब्ध गराउने सेवा सुविधा उपलब्ध नगराएको भन्ने गुनासो आएको हुँदा सो सम्बन्धमा उचित निर्णय होस भनि प्रस्ताव सभाध्यक्षज्यू समक्ष पेश गर्नु हुँदा सभाध्यक्षज्यूबाट मिति २०७८ असार ३० गते बसेको छैठौं नगरसभाको बैठकबाट महानगरपालिकामा कार्यरत अस्थायी तथा करार कर्मचारीहरु अवकाश हुँदा नेपाल सरकार अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका बमोजिम महानगरपालिकाबाट सुविधा दिने गरी नीतिगत निर्णय भई बजेट समेत व्यवस्था भएकोमा अस्थायी कर्मचारीहरुको बारेमा सो निर्देशिकाले पुरैसेवा अवधिलाई गणना गरेको र करारको हकमा स्पष्ट किटान नभएको हुँदा अवकाश प्राप्त कर्मचारीलाई अवकाश पछिको सेवा सुविधा उपलब्ध गराउन दुविधा उत्पन्न भई सेवा सुविधा उपलब्ध नभएको अवश्था विद्यमान भएकोले अवकाश पछिको सेवा सुविधा उपलब्ध गराउने सम्बन्धी प्रस्ताव निर्णयार्थ टेवुल गर्नु भयो ।

विद्यमान कानूनी व्यवस्था र नगरसभाको पूर्व निर्णय समेतको आधारमा अवकाश पछिको सेवा सुविधा उपलब्ध गराउन नगरसभा सदस्यहरुले ताली बजाएर समर्थन जनाउनु भएपश्चात सभाध्यक्षले ०६४ असोज मसान्तसम्म अस्थायी तथा करारमा नियुक्त भएका कर्मचारी स्थायी गर्न स्थानीय स्वायत्त शासन नियमावली, २०५६ र सम्मानीत सर्वोच्च अदालतको मिति २०७४ पौष २१ गतेको फैसला बमोजिम यस महानगरपालिकाको मिति २०७९ असार ३१ गतेको नगरसभाको निर्णयबाट स्थायी नियुक्ती भएका अस्थायी/करार कर्मचारीहरुको स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २५९ ग को उपनियम (१) बमोजिम बढुवा प्रयोजनका लागि सेवा अवधि समेत गणना गरी स्थायी नियुक्ति गरेको हुँदा सेवा निवृत्त पश्चातको सुविधाका लागि अस्थायी कर्मचारीको हकमा अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिकाले नै स्पष्ट गरेको हुँदा अस्थायी कर्मचारीका पुरा सेवा अवधि र करार सेवाका कर्मचारीको हकमा बढुवा प्रयोजनका लागि गणना भएको सेवा अवधिलाई स्थायी पश्चातको सेवा अवधिमा जोडी हुन आउने अवधिको बागमती प्रदेश सरकारद्वारा जारी स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ बमोजिम सेवा सुविधा उपलब्ध गराउने नगरसभाबाट निर्णय भएको घोषणा गर्नु भयो ।

निर्णय नं. ५,

ललितपुर महानगरपालिका वडा नं. २६ का वडा सदस्य श्री सरस्वती महर्जनले २०७९/१०/९ गते बिरामी हुँदा उपचारार्थ वडा समितिको नामबाट रु.५,००,०००/- (अक्षेरुपी रु पाँच लाख मात्र) पेश्कि लिई अल्का र गंगालाल अस्पतालमा भर्ना भई उपचार गराएकोमा महानगरपालिकाद्वारा मेरो स्वास्थ्य बीमा गरिएतापनि उपचारको क्रममा पेश्कि रकम भन्दा बढी खर्च भएको तर बीमा कम्पनीद्वारा रु १,५०,०३१/-(अक्षेरुपी रु एक लाख पचास हजार एकतीस) मात्र बीमा कभर गरी भुक्तानी भएकोमा मेरो पारिवारिक आर्थिक अवस्था कमजोर रहेको हुँदा उक्त प्राप्त गरेको पेश्कि रकम पुर्ण रुपमा फिर्ता गर्न असमर्थ रहेको हुँदा बीमा कम्पनिबाट प्राप्त रकम महानगरपालिकामा दाखिला हुने गरी पेश्कि स्वरुप लिएको रकम फरफारकका पेश गरेको निवेदन बमोजिम २६ नं. वडा कार्यालयको प.सं. २०८२/०८३, च.नं. ८३२, मिति २०८२/१०/२ को प्राप्त सिफारीस पत्र सभाध्यक्षज्यूले बैठकमा पेश गर्नु भयो । नगर सभासदहरुले वडा सदस्य श्री सरस्वती महर्जनको स्वास्थ्य उपचारको लागि वडा नं. २६ को वडा समितिको नाममा रु पाँच लाख पेश्कि रकम गएकोमा बीमाबाट प्राप्त भएको रकम रु १,५०,०३१/- (अक्षेरुपी रु एक लाख पचास हजार एकतीस मात्र) महानगरपालिकामा दाखिला गराई उपचारका क्रममा जारी बिलभरपाईको आधारमा बढीमा रु.५,००,०००। (पाँच लाख) सम्म वडा समितिको नाममा रहेको पेश्कि फरफारक गराउने गरी निर्णय हुन निर्णयार्थ प्रस्ताव टेवल हुँदा

नगरसभासदहरुको समर्थन पश्चात सभाध्यक्षज्यूवाट वडा सदस्य श्री सरस्वती महर्जनको स्वास्थ्य उपचारको लागि वडा समिति, वडा नं. २६ को नामवाट लिएको पेश्कि रकम रु पाँच लाख नीजले वीमावाट प्राप्त रकम महानगरपालिकामा दाखिला गरे पश्चात उपचारका क्रममा जारी भएको वीलका आधारमा दोहोरो नपर्ने गरी वढीमा रु.५,००,०००। (पाँच लाख) सम्मको पेश्कि रकम फरफारक गराउने निर्णय भएको घोषणा गर्नुभयो ।

निर्णय नं. ६,

ललितपुर महानगरपालिका नगरसभा सदस्यहरु वडा नं.१३ का वडा सदस्य कृष्ण प्रसाद कोइरालाको मिति २०८२ मंसिर २० गते र वडा नं. ११ का वडा सदस्य आपुलु शाक्यको मिति २०८२ पौष ११ गते भएको निधन वाट महानगरपालिकामा पुगेको अपुरणीय क्षति स्मरण गर्दै उहाँहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गरी शोक प्रस्ताव पारित गरियो ।

निर्णय नं. ७,

नगरसभाको अन्त्यमा सभाध्यक्षवाट नगरसभा वैठक सन्चालनमा प्रत्यक्ष, अप्रत्यक्ष सहयोग गर्नु हुने उप-प्रमुख, विषयगत समितिका संयोजकहरु, नगर सभासदहरु, प्रमुख प्रशासकिय अधिकृत, महानगरपालिकाका कर्मचारीहरु, पत्रकार मित्रहरु, नगर प्रहरी वलका कर्मचारीहरु सवैलाई धन्यवाद ज्ञापन गर्दै आठौं नगरसभा वैठक समापन भएको घोषणा गर्नु भयो ।